प्रधान कार्यालय
सामान्य सेवा विभाग

**यस बैंकको लागि आवश्यक विविध छपाई गर्ने सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/१६)**

**बोलपत्र न. NBL/NCB42/G076/77**

१.बोलपत्र फारमको लागि रु.३,०००/-(पछि फिर्ता नहुने गरी) यस बैंकको न्यूरोड, भूगोलपार्क स्थित काठमाडौं बैकिङ्ग अफिसमा रहेको खाता नं.००२००१०६७११२८३००००००१ मा जम्मा गरि, सो रसिदको आधारमा यस बैंकको सामान्य सेवा विभागबाट बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्दा फर्म, संस्था वा कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागको कार्यालयमा दर्ताको नबिकरण सहितको प्रमाणपत्र/ व्यवसाय दर्ताको नबिकरण सहितको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता नम्बर (PAN), अघिल्लो आर्थिक वर्ष सम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पत्र पेश गरेको कागजात, छापाखाना संचालन गर्ने प्रमाण पत्र तथा कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले धरौटी वापत रु.१,४६,०००/-(अक्षरेपी एक लाख छयालिस हजार मात्र) यस बैंकको न्यूरोड, भूगोलपार्क स्थित काठमाण्डौं बैकिङ्ग अफिसमा रहेको खाता.नं.००२००१०६७११२८००००००१ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा आफूले सप्लाई गर्न चाहेको छपाई सामाग्रीको विविरण लेखी बोलपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो बराबरको रकम न्यूनतम १२० दिन अवधि भएको अन्य वाणिज्य बैंकबाट जारी बिड बण्ड जमानत अनिवार्य रुपले पेस गर्नु पर्नेछ । १२० दिन भन्दा कम अवधिको बैंक जमानत संलग्न भएको बोलपत्र स्वत: रद्द हुनेछ ।

४. बोलपत्रहरु यस सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयसम्म यस विभागबाट उपलब्ध हुने बोलपत्र फारम खरिद गरी ३१ औं दिन (२०७६/१०/१७) को बिहान ११:०० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहि दिनको १२:३० बजे यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभागमा खोलिनेछ ।

५. रित नपुगेको र म्याद नाघी आएको बोलपत्र तथा बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

६. विविध छपाई सामाग्री छपाई गर्ने बोलपत्र बुझाउने बोलपत्रदाताको आफ्नै छापाखाना हुनुपर्नेछ ।

७. विविध छपाई सामाग्रीको नमूना बोलपत्र फारमका साथ प्राप्त गर्न सकिनेछ ।

८. अन्य व्यहोरा बोलपत्र आवेदन फारममा संलग्न कागजात अनुसार हुनेछ । कुनै थप जानकारीको लागि कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालय सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ ।